नमुना वालविकास निर्माण तथा वालविकास सुदृढीकरण कर्यक्रम

कार्यक्रम सञ्चालन मार्गदर्शन,२०७६

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

**सामाजिक विकास मन्त्रालय**

**बुटवल, नेपाल।**

नमुना वालविकास निर्माण तथा वालविकास सुदृढीकरण कार्यक्रम

**कार्यक्रम सञ्चालन मार्गदर्शन ,२०७६**

प्रस्तावनाः प्रदेश नं ५ भित्रसामुदायिक विद्यालय तथा समुदायहरुमा चार हजार भन्दा बढी वालविकास केन्द्रहरु संचालनमा छन् । विद्यालय शिक्षाको आधारस्तम्भका रुपमा रहने यी वालविकास केन्द्रहरुको सुदृढीकरण गरी नमुना वालविकास केन्द्रको रुपमा विकास गर्नर प्रदेश सरकारलाई प्राप्तविशेष अनुदानलाईव्यवस्थित रुपमा परिचालन गरी लक्षित उद्देश्य हासिल गर्न सामाजिक विकास मन्त्रालयले यो नमुना वालविकास निर्माण तथा वालविकास सुदृढीकरण कार्यक्रम, कार्यक्रम सञ्चालन मार्गदर्शन,२०७६जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१)यसमार्गदर्शनको नाम "**नमुना वालविकास निर्माण तथा वालविकास सुदृढीकरण कार्यक्रम, कार्यक्रम सञ्चालन मार्गदर्शन ,२०७६**" रहेको छ।

(२) यो मार्गदर्शन सामाजिक विकास मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाःविषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा;

(क) "मन्त्रालय"भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ।

(ख) " मार्गदर्शन समिति "भन्नाले दफा ४ वमोजिम गठित समितिलाई सम्झनुपर्दछ।

(ग) "प्राविधिक परामर्श समिति" भन्नाले दफा ६ वमोजिम समिति सम्झनुपर्दछ ।

(घ) "निर्देशनालय"भन्नाले शिक्षा तथा सामाजिक विकास निर्देशनालय प्रदेश नं. ५ सम्झनुपर्दछ।

(ङ) "डिभिजन कार्यालयभन्नाले प्रदेश नं ५ का ६ जिल्लामा रहेका सामाजिक विकास डिभिजन कार्यालयहरु संझनु पर्दछ ।

३. उद्देश्यःयस मार्गदर्शनको उद्देश्य देहायबमोजिम रहेका छन्।

(क) नमुना वालविकास केन्द्रहरुको विकास गर्ने ।

(ख) नमुना वालविकास केन्द्रहरुको विकास सँगै अन्य वालविकास केन्द्रहरुलाई नमुना वालविकास केन्द्रको रुपमा विकास गर्न अभिप्रेरित गर्ने ।

(ग) नमुना वालविकास केन्द्रका शिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने ।

४. मार्गदर्शन समितिःप्रदेशस्तरमा नमुना वालविकास निर्माण तथा वालविकास सुदृढिकरण कार्यक्रमको मार्गदर्शन, प्रयोजनका लागि देहाय वमोजिमको एक मार्गदर्शन तथा अनुगमन मूल्याङ्कन समिति रहने छ।

| | |
|---|---|
| (क) सामाजिक बिकास मन्त्री | संयोजक |
| (ख) सामाजिक बिकास सचिव | सदस्य |
| (ग) निर्देशक,शिक्षा तथा सामाजिक विकास निर्देशनालय | सदस्य |
| (घ) शिक्षा तालिम केन्द्रप्रमुख | सदस्य |
| (ङ) महाशाखा प्रमुख उच्च शिक्षा महाशाखा | सदस्य |
| (च) महाशाखा प्रमुख शैक्षिक योजना तथा अनुसन्धान महाशाखा | सदस्य सचिव |

५. मार्गदर्शन समितिको **भूमिकाः** दफा ४ बमोजिम गठित समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नमुना वालविकास निर्माण तथा सुदृढिकरणका लागि नीतिगत सहजीकरण गर्ने ।

(ख) नमुना वालविकास छनोट समितिलाई सल्लाह दिने र समितिका गतिविधिहरुको अनुगमन मुल्याङ्कन गर्ने।

(ग) वालविकास केन्द्रका शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि अभिप्रेरित गर्ने ।

(घ) समग्र कार्यक्रमको प्रभावकारीता मुल्याङ्कन गर्ने ।

६. **प्राविधिक परामर्श समितिः** (१) नमुना बालविकास केन्द्रको निर्माण र सुदृढिकरणका सन्दर्भमा नमुना वालविकास छनौट समिति लगायत अन्य सरोकारवालाहरुलाई प्राविधिक परामर्श दिने प्रयोजनका लागि देहाय अनुसारको एक प्राविधिक परामर्श समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) निर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | संयोजक |
| ख) उपसचिव, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा | सदस्य |
| ग) उपसचिव, सामाजिक विकास महाशाखा | सदस्य |

७. **नमुना वालविकास छनौट समितिः यस प्रदेश भित्रका** प्रत्येक पालिकाहरुबाट वालविकासका केन्द्रहरुको छनौटका लागि सामाजिक डिभिजन कार्यालयको प्रमुखको संयोजकत्वमा देहायको एक छनौट समिति रहने छ।

| | |
|---|---|
| (क) कार्यालय प्रमुख, सामाजिक विकास डिभिजन कार्यालय | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाई | सदस्य |
| (ग) डिभजन कार्यालयले तोकेको प्रधानाध्यापक | सदस्य |

८. **छनौट समितिको भूमिकाः** दफा ६ बमोजिम गठित समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक सूचना जारी गरी डिभिजन कार्यालयहरु मार्फत निबेदन सङ्कलन गर्ने ।

(ख) दफा १० बमोजिम कार्यक्रम संचालन गर्ने वालविकास केन्द्रहरु छनौट गर्ने ।

(ग) छानिएका वालविकास केन्द्रहरुको जानकारी प्राविधिक परामर्श समिति, शिक्षा तथा सामाजिक विकास निर्देशनालय र सम्बन्धित विद्यालयलाई दिने ।

(घ) नमुना वालविकास केन्द्र छनोट, निर्माण तथा सुदृढिकरणका सन्दर्भमा प्राविधिक परामर्श समिति सँग परामर्श गर्नु र समितिले दिएका सुझावहरुको कार्यान्वयन गर्नु छनोट समितिको कर्तव्य हुनेछ ।

९. **पालिकाबाट थप सहयोग उपलब्ध हुन सक्नेः** यो नतीजा कार्यक्रमलाई व्यवस्थित गर्न प्रत्येक उपमहानगपालिका नगरपालिका र गाउपालिकाहरुले थप सहयोग गर्न सक्नेछन् ।

१०. **डिभिजन कार्यालयहरुको भूमिकाः** यो कार्यक्रमलाई सफल पार्न डिभिजन कार्यालयहरुको भूमिका निम्नानुसारको हुनेछः

(क) सार्वजनिक सूचना जारी गरी निबेदन सङ्कलन गर्ने ।

(ख) दफा ११ बमोजिम कार्यक्रम संचालन गर्न वालविकास केन्द्रहरु छनौट गर्ने ।

(ग) छानिएका वालविकास केन्द्रहरुको जानकारी विद्यालय र स्थानीयतहलाई दिने ।

(घ) आवेदन मागको प्रचार प्रसार गर्ने ।

(ङ) छानिई आएका केन्द्र वा विद्यालयहरुसँग सम्झौता गर्ने ।

(च) केन्द्रमा हुनुपर्ने सामग्रीहरुको न्युनतम मापदण्ड कार्यान्वयनमा ल्याउने ।

(छ) समन्वय बैठकहरु संचालन गर्ने रसहयोगी शिक्षक तालिम संचालन गर्ने ।

(ज) कार्यक्रम अनुगमन गर्ने र विद्यालय वा केन्द्रहरुबाट प्रगति विवरणको आधारमा रकम भुक्तानी दिने।

(झ) जिल्लागत प्रगति प्रतिवेदन निर्देशनालयमा पठाउने ।

११. <u>कार्यक्रम संचालनको लागि विद्यालय वा केन्द्र छनौटका आदारहरू</u>

(क) प्रत्येक वालविकास केन्द्रमा कम्तिमा तराईमा २० जना पहाडमा १५जना र हिमालमा १० जना वालवालिका रहेको ।

(ख) समावेशि विद्यार्थि

(ग) कम्तिमा एसईई उत्तीर्ण सहयोगी शिक्षक रहेको ।

(घ) छनौट गर्दा अनुसूची-३ बमोजिम गर्नु पर्नेछ

(ङ) पालिकाको थप सहयोग प्राप्त हुने पालिकाको प्रतिवद्धता ।

१२. <u>कार्यक्रममा प्रति कक्षा वा केन्द्र वितरण हुने रकम सम्बन्धी व्यबस्था:</u> नमुना वालविकास निर्माण गर्न विद्यालयहरुलाई देहाय बमोजिम हुने गरी प्रति विषय रकम उपलब्ध गराइने छ:

(क) प्रति पालिका कम्तिमा २ वटा वालविकास केन्द्रलाई सहयोग उपलब्ध गराइने छ ।

(ख) प्रति केन्द्र अधिकतम रु २३८०००।०० रकम उपलब्ध गराइने छ ।

१३. <u>कार्यक्रममा खर्च हुने रकम:</u> कार्यक्रम संचालनको लागि खर्च हुने बजेट शीर्षकहरु यस प्रकार रहेका छन:

१. डिभिजन कार्यालयबाट हुने खर्च:

| क्रस | जिल्ला | पालिका | तालिम | पुर्वाधार तथा सामग्री व्यवस्थापन सहयोग | अनुगमन | जम्मा | डिभिजनको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | नप | ७ | १८५७०० | ३३३२००० | १४००० | ३५३१७०० | ११५६६३०० |
| २ | रुपन्देही | १६ | ३८६६०० | ७६१६००० | ३२००० | ८०३४६०० | |
| ३ | कपिलबस्तु | १० | २३०५०० | ४७६०००० | २०००० | ५०१०५०० | ८०५९१०० |
| ४ | अर्घाखाची | ६ | १७९६०० | २८५६००० | १३००० | ३०४८६०० | |
| ५ | दाङ | १० | २३०९०० | ४७६०००० | २०००० | ५०१०९०० | ६५८३०८० |
| ६ | रुकुम | ७ | १३२१८० | १४२८००० | १२००० | १५७२१८० | |
| ७ | प्युठान | ९ | २४८१०० | ४२८४००० | २०००० | ४५५२१०० | ९६०५००० |
| ८ | रोल्पा | १० | २७०९०० | ४७६०००० | २२००० | ५०५२९०० | |
| ९ | बाके | ८ | १८७३०० | ३८०८००० | १६००० | ४०११३०० | ८०२२६०० |
| १० | बर्दिया | ८ | १८७३०० | ३८०८००० | १६००० | ४०११३०० | |
| ११ | पाल्पा | १० | २७०९०० | ४७६०००० | २२००० | ५०५२९०० | ११११२८४०० |
| १२ | गुल्मी | १२ | ३४०५०० | ५७१२००० | २३००० | ६०७५५०० | |

२. मन्त्रालयबाट हुने खर्चः

| विवरण | जम्मा रकम | कैफियत |
| --- | --- | --- |
| प्रशिक्षक प्रशिक्षण खर्च | २३५५२० | |

१४. <u>**प्रचलित कानुन बमोजिम हुनेः**</u> यो कार्यक्रमको खर्च गर्दा प्रचलित आर्थिक कानुन तथा प्रदेश सरकारबाट पारित खर्चका मापदण्ड वमोजिम गर्नुपर्नेछ ।

१५. **सरकारी बाँकि सरह असूल उपर हुनेः** यस कार्यक्रमबाट प्राप्त  रकम हिनामिना भएमा वा तोकिएको गुणस्तर अनुरुप नभएमा कार्यक्रम कार्यन्वयनमा  संलग्न जिम्मेवार पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरी कार्यवाहिका लागि मन्त्रालयले अख्तियार प्राप्त निकायमा लेखि पठाउने छ ।

१६. **सार्वजनिक परीक्षणः**यस निर्देशिका बमोजिम कार्यक्रम सम्पन्न भएपछि रकम प्राप्त गर्ने विद्यालयलेविद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, स्थानीय तहका प्रतिनिधिहरु, शिक्षक, अभिभावक, विद्यार्थी तथा विद्यार्थीकाअभिभावकलाई कार्यक्रम सन्चलान भएको स्थानमा भेला गराइ कार्यक्रमको आम्दानी- खर्च, कार्यक्रमबाट निर्मित संरचना र खरिद भएका भौतिक वस्तुको सार्वजनीकरण गर्नु पर्नेछ।

१७. **कार्यक्रम अनुगमनः** यस निर्देशिकाको मार्गदर्शनमा संचालन हुने समग्र कार्यक्रमको अनुगमन शिक्षा तथा सामाजिक विकास निर्देशनालयको हुनेछ ।

१८. **संशोधनः**सामाजिक विकास मन्त्रालयले आवश्यकतानुसार यो मार्गदर्शन संशोधन परिमार्जन गर्न सक्नेछ।

## अनुसूची १

## दफा ७ (क)संग सम्बन्धित

**विषयः नमुना वालविकास सम्बन्धमा ।**

श्री सामाजिक विकास डिभिजन कार्यालय

....................

निम्न लिखित विवरणहरु सहित नमुना वालविकास छनौटको लागि यो निबेदन दिएको छ ।

तपसिलः

| | | |
|---|---|---|
| १. वालविकास केन्द्र वा विद्यालयको नामः | | |
| २. ठेगानाः | | |
| पालिकाको नामः | वडा नं.टोल वा गाउः | सम्पर्क नं |

३. वालविकास केन्द्रको भौतिक विवरणः

| क्र स | विवरण | संख्या वा आवश्यकता अनुसार नाम उल्लेख गर्ने | कैफियत |
|---|---|---|---|
| १ | कक्षाकोठा | | |
| २ | सिकाई कुना | | |
| ३ | फर्निचर (कुर्सी टेवल) | | |
| ४ | दराज वा वाकस | | |
| ५ | प्राथमिक उपचार वाकस | | |
| ६ | खेलकूद सामग्री | | |
| ७ | टेलिभिजन तथा अन्य | | |

५. वालवालिका विवरणः

| क स | छात्रा | छात्र | जातिगत विवरण | | | | | | अपाङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | जनजाती | मधेसी | थारु | मुस्लिम | अन्य | | |
| | | | | | | | | | | |

६ सहयोगी शिक्षक विवरण:

| | |
|---|---|
| शिक्षकको नाम: | शुरुको नियुक्ति मितिः |
| अनुभव: | तालिम विवरण: |
| योग्यता: | सामग्री निर्माण तालिम: |

| ७ सामुदायिक वालविकास केन्द्र भए व्यवस्थापन समिति गठन भए नभएको: |
|---|
| |

अनुसूची २

कार्यक्रमको रुपरेखा

१. कार्यक्रमको नामः **नमुना वालविकास निर्माण तथा वालविकास सुदृढीकरण कार्यक्रम**

१. कार्यक्रमको उदेश्यः प्रदेश नं ५ का सामुदायिक विद्यालयहरुमा रहेका १०९ स्थानीय तहका कम्तिमा २ वटा वालविकासकेन्द्रलाई नमुना वालविकास निर्माण गर्ने र ती वालविकास केन्द्रका २१८ जना सहयोगी शिक्षकलाई सामग्री विकास क्षमता विकास गर्ने ।

२. कार्यक्रम स्थलः प्रदेश नं ५ का सामुदायिक माध्यमिक विद्यालयहरुमा रहेका वालविकास केन्द्रहरु मध्ये छानिएका २१८ केन्द्रहरु

३. कार्यकम संचालन गर्ने अवधिः २०७६ चैत महिना देखि २०७७ जेठ मसान्त सम्म ।

४. कार्यक्रमका सम्भागहरु

| कार्यक्रमको सम्भाग | विवरण | जिम्मेवारी |
|---|---|---|
| प्रशिक्षक अभिमुखीकरण | प्रत्येक जिल्लका कम्तिमा १ जना पर्ने गरी २ दिने अभिमुखिकरण तालिम संचालन | सामाजिक विकास मन्त्रालय र मातहतका निकाय |
| तालिम सामग्री विकास तथा छपाई | विशेषज्ञ सहयोगमा सामग्री निर्माण सहयोग सामग्री निर्माण' छपाई र बितरण | सामाजिक विकास मन्त्रालय र मातहतका निकाय |
| जिल्ला स्तरमा सहयोगी कार्यकर्ताहरुको ३ दिने सामग्री निर्माण तालिम | प्रशिक्षकहरुको सहयोगमा ३ दिने तालिम संचालन २१८ जना सहयोगी कार्यकर्ताहरु | डिभिजन कार्यालयहरु |
| प्रधानाध्यापकहरुको १ दिने अभिमुखीकणः सहयोगी कार्यकर्ताहरुको तेस्रो तालिमको दिनमा एकै साथमा | नमुना वालविकास केन्द्र बनाउन छानिएका २१८ विद्यालयहरुका प्रधानाध्यापकहरुलाई नमुना बालबिकास निर्माण गर्न विद्यालयलाई दिइने अनुदान रु २३८०००।०० को प्रयोग सम्बन्धमा कार्ययोजना समेत निर्माण | प्रशिक्षकहरु |

| | | |
|---|---|---|
| विद्यालयहरुमा नमुना वालविकास केन्द्रहरु निर्माण अनुदान | स्थानीय तहबाट सिफारिस भएका र तालिम लिएका सहयोगी शिक्षक र प्रअ भएका विद्यालयहरुमा अनुदान | डिभिजन कार्यालयहरु |
| अनुगमन तथा मूल्याङ्कन | कार्यक्रम संचालन भएका विद्यालयहरुमा नमुना वालविकास केन्द्र निर्माणको अनुगमन तथा मूल्याङ्कन | सामाजिक विकास मन्त्रालय र मातहका निकायहरु |


५. कार्यक्रमका क्रियाकलापहरु


| क्रियाकलाप | जिम्मेवारी |
|---|---|
| १. कार्यक्रमको मार्गदर्शन निर्माण | सामाजिक विकास मन्त्रालय |
| २. प्रशिक्षणका लागि स्रोत सामाग्री संकलन निर्माण र छपाई | बिशेषज्ञकरुको सहयोगमा सामाजिक विकास मन्त्रालय र शिक्षा तालिम केन्द्र |
| ३. १२ जिल्लाका १३ केन्द्रहरुमा तालिमहरु संचालन | डिभिजन कार्यालयहरु |
| ४. प्रधानाध्यापकहरुको १ दिने अभिमुखीकण: सहयोगी कार्यकर्ताहरुको तेस्रो तालिमको दिनमा एकै साथमा | सामाजिक विकास डिभिजन कार्यालय |
| ५.विद्यालयहरुमा नमुना वालविकास केन्द्रहरु निर्माण अनुदान | डिभिजन कार्यालयहरु |
| ६.अनुगमन तथा मूल्याङ्कन | सामाजिक विकास मन्त्रललय र मातहतका निकायहरु |


अनुसूची-३


विद्यालय छनौटका आधारहरु

| क्र. सं. | सूचक | अङ्क भार | अङ्क गणना विधि |
|---|---|---|---|
| १ | बाल विकास केन्द्रको लागि अलग कोठा | १० | नभएमा-० <br> भएमा-१० |
| २ | बाल विकास केन्द्रको लागि अलग शिक्षक | १० | नभएमा-० <br> भएमा-१० |
| ३ | वालविकास शिक्षकको योग्यता | २० | एसइइ वा सो सरह भएमा १५ र कक्षा १२ पास गरेको भएमा २० |
| ४ | वाल विकास शिक्षकको तालिम | १० | न्युनतम आधारभुत तहको तालिम प्राप्त भएमा ५ अंक, थप पेशागत विकास तालिम लिएको भए १० अंक |
| ५ | बाल विकास केन्द्रमा न्यूनतम भन्दा बढी विद्यार्थी | १० | २० प्रतिशत थप -५ <br> २० प्रतिशत भन्दा बढि-१० |
| ६ | समावेशी विद्यार्थी | १५ | बाल विकास केन्द्रमा दलित, मुस्लिम छात्र छात्राको संख्य २५ प्रतिशत- ५; २५-५० प्रतिशत १०, ५१ प्रतिशत भन्दा बढी- १५ |
| ७ | विद्यालय र स्थानीय तहको सहभागिता | १५ | कूल लागतको १० %- ५;१० देखि २० %- १०; २० भन्दाबढी- १५ |
| ८ | सीमा क्षेत्रका विद्यालय | १० | अन्तराष्ट्रिय सीमासंग जोडिएका विद्यालय-१० |



PLAY SCHOOL CLASS
Today's Weather
DESIGNED BY: Ar. Bishal Khanal
Ar. Pradeep Singh Bisht
DRAWN BY: Er. Krishna Gautam
CHECKED BY: Er. Krishna Gautam


PLAY SCHOOL CLASS
SOLAR SYSTEM
MATH
DESIGNED BY: Ar. Bishal Khanal
Ar. Pradeep Singh Bisht
DRAWN BY: Er. Krishna Gautam
CHECKED BY: Er. Krishna Gautam



2869.3
600.0
1100.0
2202.2
600.0
1259.1
900.0
770.0
1259.1
900.0
7430.0
600.0
2200.0
900.0
600.0
939.4
1349.8




2776.2
1449.0
1223.4
2844.0
6490.4
400.0
1224.2
918.2



2776.2
1449.0
1223.4
2844.0
6490.4
400.0
1224.2
918.2


1845.0
1385.0
1500.0
1270.0
5585.0
2215.0
900.0
1200.0
900.0
370.0
5995.1
1452.4
7990.4
6020.4
2844.0
4003.7
6490.4
2692.7
4502.5
1003.8
1550.8
1194.0
1204.2
830.0
900.0
600.0
900.0
770.0
899.1
600.0
1100.0
830.0
7430.0


2776.2
830.0
2200.0
900.0
600.0
1223.4
950.0
900.0
600.0
770.0
3100.0
7430.0
600.0
1223.4
900.0
950.0
600.0
1100.0
2200.0